नेपालसरकार
गृहमन्त्रालय
राष्ट्रियविपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनप्राधिकरण

SitRep #४४

२०साउन२०७७

| २०७७ बैशाख १ देखि साउन १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १७७ | ४४ | १४५ | ७ | १२ | ३ | ४७ | ० | १६१ | **२३१** | **५६** | **३०९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १९ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १७५ | ४४ | १४४ | ५ | ११ | १ | १७ | ० | ४२ | **१९७** | **५५** | **१८७** |

# दैनिकविपद् बुलेटिन

१९साउन विहान१०:००बजेदेखि२०साउन बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **४** स्थानमा **आगलागी**, **४** स्थानमा **पहिरो**, **४** स्थानमा **अबिरल वर्षा**, **१** स्थानमा **चट्याङ्ग**, **१** स्थानमा **ढुङ्गा खस्ने** घटना घटेका छन् । यी घटनामा परेर **५** जना **घाईते** भएका छन् । **पहिरो**का कारण **२** स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | १४ | ५ | ४५,३७,९०० | २ | ४७ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१४** वटा घट्ना भएका छन् ।
- **जाजरकोट**को बारेकोट गाउँपालिका वडा नं ९ मा घरबाट कालिमाटी तर्फ आउने क्रममा भिर माथिबाट **ढुङ्गा खसेर** टाउकोमा लागी एक जना **घाईते** । बारेकोट गाउँपालिका वडा नं ३ पछैउरीस्थित एक घर र भान्सा घरमा दाल झान्ने क्रममा **आगलागी** हुँदा घरभित्र रहेका सामानहरु झिक्ने क्रममा आगोले पोली **४ जना** सामान्य **घाईते**, घरमा रहेको अन्नपात, लत्ताकपडा. तथा गरगहना समेत पूर्ण रूपमा जली **२९ लाख ११ हजार ४ सय** रुपैंया बराबरको क्षति ।
- **महोत्तरी**को मनराशिस्वा नगरपालिका वडा नं १० सकरीस्थित **२** वटा घर **अबिरल बर्षा**का कारण पूर्णरुपमा भत्किई **१ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **बारा**को सिम्रौनगढ नगरपालिका वडा नं १० देबायुरटेकास्थित एक गोठमा घुरबाट आगो सल्किई **आगलागी** हुँदा **३ लाख** रुपैंया बराबरको क्षति भई गोठमा रहेको ३ वटा भैसि पुर्णरुपमा जली मृत्यु ।
- **सिन्धुपाल्चोक**को बाह्रबिसे नगरपालिका वडा नं २ कर्थलीस्थित पहिरो आई **३** वटा घर **२** वटा पानी घट्टा बगाई पुर्णरुपमा क्षति ।

## घट्ना सारांश...

- **बाँके**को डुडुवा गाउँपालिका वडा नं ३ कटैहियास्थित एक घरको गारो **अबिरल बर्षा**का कारण भत्किई **३१ हजार ५ सय** रुपैंया बरावरको क्षति ।
- **दाङ**को तुलसीपुर उपमहानगरपालिका वडा नं ४ सिस्नेखुथीस्थित एक गोठ **अबिरल बर्षा**को कारण भत्किई गोठमा रहेका **३० वटा बाख्रा**को मृत्यु ।
- **पाँचथर**को फालेलुङ गाउँपालिका वडा नं ६ पुछारे टोलस्थित एक घर तथा गोठमा **चट्याङ** पर्दा घर आंशिक क्षति भई गोठमा रहेका ३ वटा खसि र १ वटा सुगुर जली मृत्यु हुँदा **१ लाख ५० हजार** रुपैंया बरावरको क्षति । फिदिम नगरपालिका वडा नं १ फेमे खोलास्थित संचालनमा रहेको ९९५ किलो वाटको खराङ्गे हाईड्रो पावरको पाईप **अबिरल वर्षा**पछि खोलामा आएको बाढीले बगाई क्षति र सोही स्थानमा संचालनमा रहेको १५० किलो वाटको BK2 हाईड्रोको पर्खाल समेत बगाई क्षति ।
- **सोलुखुम्बु**को लिखुपिके गाउँपालिका वड नं ४ चासेस्थित एक गोठ **पहिरो** गई पुरिदा गोठमा बाँधेको २ वटा गाईको मृत्यु र ट्वाइलेट बाथरुम समेत पहिरोले पुरी पुर्णरुपमा क्षति हुँदा **२ लाख १५ हजार** रुपैंया बरावरको क्षति । अर्को एक व्यक्तिको काठे घर माथिबाट पहिरो आई बगाउँदा लत्ताकपडा, खाद्यान्न, भाडा बर्तन समेत गरि **२ लाख** रुपैंया बराबरको क्षति । अर्को एक घर चर्किएको र अर्का एक व्यक्तिको बारीमा लगाएको कोदो र मकैमा हिलो पसि **१ लाख ३० हजार** रुपैंया बराबरको क्षति ।
- **सर्लाही**को बाग्मती नगरपालिका वडा नं ६ नेवार चोकस्थित एक गोठमा बच्चा खेल्ने क्रममा सुकेको मकै पोल्न भनि आगो बाल्दा उक्त आगो मकैको ढोडमा सल्किई **आगलागी** हुँदा **१ लाख** रुपैंया बराबरको क्षति । बसवरिया गाउँपालिका वडा नं ३ मंन्दिरवा टोलस्थित एक फुसको घर र गोठमा विद्युत सर्ट भई **आगलागी** हुँदा घर र गोठ पूर्णरूपमा जली **३ लाख ५० हजार** रुपैंया बराबरको क्षति भई गोठमा रहेको १ वटा भैसि र 7 वटा बख्रा आगोले जली मृत्यु ।

## बाटो अवरोध

- **मकवानपुर**को ईन्द्रसरोवर गाउँपालिका वडा नं ३ भालुटार पाखास्थित **कुलेखानी सिस्नेरी काठमाण्डौ सडक खण्ड**मा **पहिरो** आई दुबै तर्फी **बाटो अबरुद्ध** ।
- **तेह्रथुम**को लालीगुरांस नगरपालिका वडा नं ९ कांडेस्थित **बसन्तपुर म्याङलुङ- सडक खण्ड** माथिबाट **पहिरो** आई **अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी र ढुङ्गा लागेर घाइते भएका व्यक्तिको उद्धार गरी उपचारका लागि नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको।

## वर्षाको सारांश

साउन १९ गते बिहान ०८:४५ बजे देखि साउन २० गते ०८:४५ बजे सम्म

आज मिति२०७७/०४/२० गते बिहान ०८:४५ बजे १९६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७७ र स्वचालितः ११९) मा मापन गरिएको वर्षाको विवरण अनुसार ८९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढि वर्षा (४९.६मि. मी.) रुपन्देही जिल्लाको लुम्बिनी केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**श्रावण-२०(मंगलबार) (विहान ७ बजे  देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केही घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने। आज  कन्काई, कमला, पश्चिम राप्ती, बबईका केही  स-साना नदीमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, खोटाङ, भोजपुर, सङ्खुवासभा, ओखलढुङ्गा, महोतरी, सर्लाही, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, म्याग्दी, कपिलवस्तु, रुकुम, सल्यान, जाजरकोट, कालिकोट, सुर्खेत, बर्दिया, डडेलधुरा, बैतडी र आसपास भई बहने साना नदीमा बहाव केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान रहेको छ ।**

**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटःhttp://hydrology.gov.np/**